प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,रुपन्देही

पत्र संख्याः ०७९/०८०
च.न.:

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

## प्रस्ताव आह्वानको सूचना

**सूचना नं. ०७९/८०/०१**

प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२७

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, रुपन्देहीको आ.व. २०७९/८०को तपसिल बमोजिमका स्वीकृत वार्षिक कार्यक्रमहरु संचालन गर्न ईच्छुक आवेदकहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिन (२०७९/०६/३० गते) भित्र यस कार्यालयमा तोकिएको ढाँचामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका आवेदनहरु छनौटका लागी समावेश नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**तपसिल:**

| क्र. स. | कार्यक्रमको नाम | न्यूनतम मापदण्ड | संचालन गर्ने क्रियाकलाप | अनुदानको सिमा | आवेदकको किसिम | स्वीकृत बजेट रकम रु लाखमा |
|---|---|---|---|---|---|---|
| १ | मागमा आधारित व्यवसायिक कृषि/पशुपन्छी विकास कार्यक्रम | • विगत ३ बर्ष भित्र १ लाख भन्दा बढी अनुदान प्राप्त गरेको अनुदानग्राहीहरु यस कार्यक्रममा समावेश गरिने छैन।<br>• देहायका पशु/वस्तुमा तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गर्ने गरी माग गर्नुपर्ने र तल दिइएको मापदण्ड यस अघि नै पूरा भई सकेको भए कार्यक्रम सञ्चालन पश्चात् १० प्रतिशत संख्या बृद्धि हुनुपर्ने।<br>• प्रमाणित विपद् प्रभावित कृषकहरुलाई प्राथमिकता दिइने।<br>पशु/वस्तु — संख्या:<br>भेडा माउ — १५<br>बाखा माउ — १५<br>गाई माउ — ५<br>भैंसी माउ — ५<br>बंगुर माउ — १५<br>कालिज माउ/ लोकल कुखुरा माउ — ५००<br>दुध विविधिकरण (लि.) — ३००<br>मासु प्रशोधन (प्रति दिन के.जि. — १०० | पशुपन्छीजन्य पदार्थको उत्पादन, उत्पादकत्व बृद्धि, बजारीकरण, प्रशोधन तथा विविधीकरणमा टेवा पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। | • समुह, सहकारी, सामुदायिक पूर्वाधार निर्माण, नक्सको हकमा भने ७५ प्रतिशत अनुदान।<br>• निजी पूर्वाधारको हकमा ५० प्रतिशत ।<br>• यन्त्र उपकरण/ अन्य सामग्रीहरुको हकमा ५० प्रतिशत।<br>• प्रति आयोजना बढीमा रू २ लाख अनुदान। | निजि फर्म/समुह/ सहकारी/ समिति/ उद्यमी/ कम्पनी | ७५ |
| २ | मासु पसल सुधार | • स्वस्थ, स्वच्छ मासु विक्रि वितरण गर्नु पर्ने । | अनुसूची २९ अनुसारको मापदण्ड पूरा गर्ने कृयाकलापहरू। | ५० प्रतिशत अनुदान, अधिकतम रु १ लाख। | निजि फर्म/समुह/ सहकारी | ४ |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,रुपन्देही

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

पत्र संख्याः ०७९/०८०
च.न.:

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • सहभागी हुने आवेदकले दैनिक ठूलो पशुको हकमा कम्तिमा १०० किलो, साना पशु तथा पन्छीको हकमा कम्तिमा ५० किलो मासु बिक्री वितरण गरिरहेको हुनु पर्ने।<br>• स्थानीय तहका शहर उन्मुख क्षेत्रलाई लक्षित गरी मासुको बिक्री वितरणमा संलग्न वा यसलाई व्यवस्थित गर्न चाहने मासु उद्यमी/मासु व्यवसायीहरुले प्राथमिकता पाउनेछन्।<br>• पशु वध गर्दा निस्कने फोहोर व्यवस्थापनका लागि आवश्यक कार्य गर्ने। | | | | |
| ३ | गोबर प्रशोधन मेशिनमा सहयोग | • गौशाला/फर्म/कम्पनी/समुह/सहकारी/समिति मध्ये कार्यालयले उपयुक्त स्थान पहिचान गरी कार्यक्रम संचालन गर्ने ।<br>• कम्तिमा भैंसी/गाई १०० वा भेंडा/बाख्रा ५०० वटा पालन गरेको हुनुपर्ने। | • गोबर प्रशोधन मेशिन, प्राङ्गारिक मल प्रशोधन मेशिनमा खरिद तथा सञ्चालन,<br>• प्राङ्गारिक मलको उत्पादन तथा बजारीकरण। | कार्यालयले प्रविधि प्रदर्शनीको रुपमा सञ्चालन गर्ने। अधिकतम अनुदान रकम रु १३ लाख | गौशाला/फर्म/कम्पनी/ समुह/सहकारी/ समिति | २६ |
| ४ | जिंउदो माछा विक्री वितरण स्टल निर्माण /सुधार | • शहरी क्षेत्रको प्रमुख बजार केन्द्रित भई जिउँदो माछा विक्री वितरण गर्ने निजी व्यवसायी/समूह/समिति/ सहकारीहरुलाई प्राथमिकतामा दिईने।<br>• यस कार्यक्रममा सहभागी हुने आवेदकले दैनिक कम्तिमा ५० किलो माछा विक्री वितरण गरिरहेको वा गर्नु पर्ने।<br>• कार्यालयले दिएको मापदण्ड पूरा गर्नुपर्ने। | • जिउँदो माछा विक्री वितरणको लागि सिमेन्टेड ट्याकं निर्माण गर्ने र उक्त ट्याकंको भुईमा टायल वा मार्वल बिछाउने र भित्तामा टायल लगाउने।<br>• व्यवस्थित आउटलेट हुनुपर्ने<br>• माछा काट्दा निस्कने फोहोर व्यवस्थापन गर्नुपर्ने।<br>• शौचालय र वासिङ्ग वेसिन निर्माण/सुधार गर्नुपर्ने।<br>• माछा राखेर विक्री गर्ने ठाउँका लागि शिशाको पार्टेशन गर्नुपर्ने।<br>• माछा काट्ने, भुल्लाउने र सफा गर्ने स्लाव निर्माण गर्नुपर्ने।<br>• माछालाई जिवित राख्न पर्याप्त पानीको स्रोत तथा ऐरेसन आदिको व्यवस्था गर्नुपर्ने।<br>• उपकरण खरिद जस्तै चक्कु, हसिया, तराजु, डिजीटल ब्यालेन्स आदि हुनुपर्ने। | ५० प्रतिशत अनुदान वा अधिकतम रु. २ लाख । | निजि फर्म/समुह/ समिति/सहकारी | ६ |
| ५ | साना पोखरी निर्माण | • पोखरी निर्माणको लागि माटो उपयूक्त हुनु पर्ने। | • पोखरीमा पानी व्यवस्थापन तथा सिचाईको लागि हन्डपाईप र मोटर खरिद तथा जडान । | स्वीकृत बजेटको परिधि भित्र रही कार्य योजना स्वीकृत गरी एकमुष्ट रु. ५० पचास हजार मात्र अनुदान | कृषक/निजि फार्म | १० |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र,रुपन्देही

पत्र संख्या: ०७९/०८०
च.न.:

सम्पर्क फोन नं.: ०७१ ५७६२०६
Email: vethosrupandehi@gmail.com
Website: rupandehi.vethos.gov.np

<table>
<tr>
<td></td>
<td></td>
<td>
<ul>
<li>नयाँ निर्माण गरीने साना पोखरीको जग्गाको स्वामित्व आफ्नै वा ठेक्कामा लिएको भए सम्झौता कम्तिमा ५ वर्षको हुनु पर्ने।</li>
<li>कार्यालयले उपलब्ध गराएको ले-आउट तथा डिजाईन बमोजिम २०० देखि ५०० वर्ग मिटरको साना पोखरी निर्माण गर्नु पर्नेछ र पोखरीको गहिराई कम्तिमा १.२ फिट हुनु पर्ने।</li>
<li>सडक, विजुली बत्तीको सुविधा भएको हुनु पर्ने। आर्थिक पक्ष कमजोर भएका वर्ग, महिला, दलित, जनजाती, एकल महिलालाई प्राथमिकता दिनुपर्ने।</li>
</ul>
</td>
<td>
<ul>
<li>कम्तिमा ४ जात (सिल्भर, विगहेड, ग्रास र कमन कार्प) समावेश गरी बहुजातिय कार्प पालन पद्धती अपनाउनु पर्ने।</li>
<li>डिलको सदुपयोग तरकारी तथा घाँस उत्पादन गर्न प्रयोग गर्नु पर्ने।</li>
</ul>
</td>
<td>
तपशिल बमोजिमको आधारमा उक्त रकम खर्च गर्नुपर्नेछ ।
<table>
<tr><th>कार्यक्रम</th><th>खर्च प्रतिशत</th></tr>
<tr><td>पोखरी निर्माण</td><td>५०</td></tr>
<tr><td>पानी व्यवस्थापन (हेण्डपम्प जडान, मोटर खरिद, डेलिभरी पाईप खरिद, आदि)</td><td>३०</td></tr>
<tr><td>हाते जाल खरिद</td><td>१०</td></tr>
<tr><td>स्वास्थ्य व्यवस्थापन</td><td>१०</td></tr>
<tr><td>जम्मा</td><td>१००</td></tr>
</table>
फर्म दर्ता नभएको अवस्थामा अनुदानग्राहीहरुको व्यक्तिगत पान नं को आधारमा भुक्तानी गरिनेछ।
</td>
<td></td>
<td></td>
</tr>
</table>

**आवेदनका लागि आवश्यक कागजातहरु:**

१. मागमा आधारित कार्यक्रमको लागि अनुसुची- ३८ बमोजिम निवेदन र अन्य कार्यक्रमको लागि अनुसुची- ३४ बमोजिमको निवेदन
२. अनुसुची-३७ बमोजिमको व्यवसायिक कार्ययोजना आवेदन
३. सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपि (क्र.स. ५ को हकमा आवश्यक नपर्ने)
४. स्थायी लेखा नं. प्रमाणपत्र प्रतिलिपि तथा गत आ.व. को कर चुक्ता प्रमाण प्रतिलिपि (क्र.स. ५ को हकमा आवश्यक नपर्ने)
५. प्रस्तावकको नागरिकताको प्रतिलिपि
६. सम्बन्धित स्थानीय तहको सम्बन्धित शाखाको सिफारिस पत्र
७. समुह/समिति/सहकारीको हकमा निर्णयको प्रतिलिपि र गत आ.व को अडिट रिपोर्ट
८. जग्गाको लालपुर्जाको प्रतिलिपि तथा लिजको जग्गाको हकमा वडा कार्यालयबाट प्रमाणित कम्तिमा १० बर्षको करारनामा र क्र.स. ५ को लागि ५ वर्षको करारनामा
९. रु. १० को टिकट टाँस गरि खामवन्दि प्रस्ताव पेश गर्नुपर्ने

कार्यक्रम संचालन रुपन्देही जिल्ला भित्र गरिनेछ र यस सूचनामा आवश्यक बुँदाहरु छुट हुन गएमा **"कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०७९"** बमोजिम गरिने व्यहोरा अनुरोध छ। उक्त कार्यविधि यसै कार्यालयको वेवसाइड http://rupandehi.vethos.gov.np बाट डाउनलोड गर्न सकिनेछ। थप जानकारीको लागि कार्यलयको फोन नं. ०७१-५७६५०६मा वा सूचना अधिकारी डा. प्रतिमा बिष्ट (९८४७९७६५७४) लाई सम्पर्क गर्नुहुन अनुरोध छ।

०५।२६
केन्द्र प्रमुख